सिंजा गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय
नराकोट जुम्ला।
कर्णाली प्रदेश नेपाल

मितिः२०७९/०६/०६

प सः२०७८/०७९
चलानीः

सुचना। सुचना॥ सुचना।॥

उपरोक्त सम्बन्धमा यस सिंजा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०६/०४ गते बसेको बैठकको निर्णय नं २ अनुसार "सिंजा गाउँपालिका खानेपानी मुहान दर्ता कार्यविधि, २०७९" पारित भई मिति २०७९/०६/०६ गते बाट लागु हुने गरी ३५ दिन भित्र आ-आफ्ना खानेपानीका मुहान दर्ता गर्न हुन सम्बन्धित सबै खानेपानी उपभोक्ता समुहलाई यो सुचना प्रकाशन गरिएको जानकारी गरिन्छ। साथै मुहान दर्ता गर्न तपशिल बमोजिमका प्रमाणहरु सलंग्न हुनु पर्नेछ।

तपशिलः-

१. सम्बन्धित वडा कार्यालयले मुहान स्थलको चार किल्ला प्रमाणित गरेको प्रमाणपत्र।
२. सम्बन्धित वडा कार्यालय बाट मुहान दर्ता गरिदिने सिफारिस पत्र।
३. खानेपानी योजनाको अध्यक्ष सचिव र कोषाध्यक्षको नागरिकता प्रमाणको प्रतिलिपि।
४. उपभोक्ता समितिको वैठकको निर्णयको प्रतिलिपि।
५. साथै अन्य आवश्यक प्रमाण खुल्ने कागजातहरु।

नोटः मुहान दर्ता गर्न गाउँपालिका कार्यालयबाट प्रति मुहान रु. १०००।– (अक्षेरुपी रु. एक हजार मात्र) को रसिद बुझाएको हुनु पर्नेछ।

मित्रलाल धिताल
प्रमुख प्रशासकिय अधिकृत

मित्रलाल धिताल
प्रमुख प्रशासकिय अधिकृत